२०६५ साल माघ २९ गते रोज ४ का दिन १५.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. पश्चिम सेती जलविद्युत् आयोजना कार्यान्वयन गर्नको लागि एक आयोजना निर्देशक समिति गठन गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।१३०-०६५।१०।२३ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ “निर्णय हुनुपर्ने व्यहोरा” अन्तर्गत प्रस्तावित निर्देशक समितिमा गृह मन्त्रालय र जलस्रोत मन्त्रालयका सचिव थप गर्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई नियतवश ऋण नतिर्नेलाई गरिने कारवाही विषयको अर्थ मन्त्रालयको नं. २।१३१-०६५।१०।२६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. अदालतको अधिकारक्षेत्र पुनरावलोकन गर्नको लागि गठित कार्यदलको कार्यावधि थप गर्ने विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।६७-०६५।१०।२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. औषधि उपचार रकम उपलब्ध गराउने (मा.जयपुरी घर्तीलाई) विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।६८-०६५।१०।२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने ( प्रहरी अतिरिक्त महानिरीक्षक श्री रमेश चन्द ठकुरीलाई) विषयको गृह मन्त्रालयको नं. ६।२३२-०६५।१०।२९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. स्व. गोविन्दप्रसाद पाण्डेलाई शहीद घोषणा गर्ने विषयको गृह मन्त्रालयको नं. ६।२३२क-०६५।१०।२९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. सार्क मन्त्रिपरिषद्को ३१औं बैठक समेतमा भाग लिन पठाउने (मा. मन्त्री समेतलाई) विषयको परराष्ट्र मन्त्रालयको नं. ८।४६-०६५।१०।२७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. पाँचौ राष्ट्रिय खेलकूद प्रतियोगिताको लागि रकम निकासा विषयको युवा तथा खेलकूद मन्त्रालयको नं. ११क।५ -०६५।१०।२९ को प्रस्ताव - प्रस्तावमा उल्लिखित रकम क्रमशः निकासा दिने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. जरिवाना बापतको कर मिनाहा गर्ने विषयको श्रम तथा यातायात व्यवस्था मन्त्रालयको नं. १७३३-०६५।१०।२७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. नारायणहिटी दरबार संग्रहालय सर्वसाधारणको लागि खोल्न आवश्यक जग्गा र बजेट निकासा विषयको संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयको नं. २०१४४-०६५।१०।१९ को प्रस्ताव - नारायणहिटी दरबार संग्रहालयका लागि आवश्यक पर्ने जग्गाको क्षेत्रफल नेपाल सरकारका मुख्य सचिव, परराष्ट्र मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय र संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयका सचिव रहेको कार्यदलले निर्धारण गर्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. थारु संग्रहालय विस्तारका लागि आर्थिक सहायता उपलब्ध गराउने विषयको संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयको नं. २०१४५-०६५।१०।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. राष्ट्रिय संस्कृति नीति तर्जुमा गर्न कार्यदल गठन गर्ने विषयको संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयको नं. २०१४६-०६५।१०।२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१३. राष्ट्रिय योजना आयोगको सदस्यमा देहायका महानुभावहरुलाई नियुक्ति गर्ने -
    (क) श्री रत्नेश्वरलाल कायस्थ, महोत्तरी
    (ख) डा. आर. डि. सिंह

१४. राष्ट्रिय समावेशीकरण आयोगको अध्यक्षमा श्री नरसिंह चौधरी, कपिलवस्तुलाई नियुक्ति गर्ने ।

१५. राष्ट्रपतिको कार्यालयको मिति २०६५।१०।१७ को पत्र बमोजिम सम्माननीय राष्ट्रपतिको निवासमा सुरक्षा संवेदनशीलतालाई दृष्टिगत गरी चौविसै घण्टा विद्युत आपूर्ति गर्न छुट्टै फिडर जडान गर्ने ।

१६. उपराष्ट्रपतिको कार्यालयको मिति २०६५।१०।१७ को पत्रलाई दृष्टिगत गरी सम्माननीय उपराष्ट्रपतिको धर्मपत्नी श्रीमती नवीना झाको खुट्टाको उपचार गर्दा लागेको बिल बमोजिमको खर्च रु. १,१५,३८९।- नेपाल सरकारले व्यहोर्ने ।

१७. सम्माननीय राष्ट्रपति र सम्माननीय उपराष्ट्रपतिका निजी चिकित्सकमा (Physician attached to President & Vice President) नियमित स्वास्थ्य परीक्षणका लागि डा. यादव भट्टलाई तोक्ने ।

१८. सम्माननीय प्रधानमन्त्रीको निजी चिकित्सकमा नियमित स्वास्थ्य परीक्षणका लागि डा. दामोदर गजुरेललाई तोक्ने र निजलाई सवारी साधन एक र राजपत्राङ्कित विशिष्ट श्रेणीको पदाधिकारीले पाए सरहको इन्धन उपलब्ध गराउने ।

१९. (क) सम्माननीय प्रधानमन्त्रीले सार्वजनिक सम्बोधनमा उल्लेख गर्नुभएको शान्ति, सद्भाव र एकता अभियान कार्यक्रम अन्तर्गत शान्तिका लागि जनसांस्कृतिक अभियान संचालनका लागि दश लाख रुपैयाँ उपलब्ध गराउने ।

(ख) सम्माननीय प्रधानमन्त्रीको सार्वजनिक सम्बोधनको छपाई खर्च रु. ७,७९,७००।- भुक्तानीको लागि अर्थ मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निकासा दिने ।

२०. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सिंहदरवार भित्रका मन्त्रालयहरु तथा मन्त्री निवास वीच E-Connectivity जडान गर्ने ।

२१. संविधान सभाका माननीय सदस्य महेन्द्र पासवानलाई विल भर्पाई पेश गरी फछ्र्यौट गर्ने गरी उपचारका लागि पाँच लाख रुपैया आर्थिक सहायता उपलब्ध गराउने ।

२२. एकीकृत सेवा केन्द्र स्थापना सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा विभिन्न राजनैतिक दलका नेताहरुको उपस्थितिमा मिति २०६५।१०।२६ मा बसेको बैठकबाट भएको निर्णय अनुमोदन गर्ने ।

२३. हालै काठमाडौंको कोटेश्वरमा सम्माननीय प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव श्री शक्तिबहादुर बस्नेत माथि सांघातिक रुपमा गोली प्रहार भएकोले त्यस्तो जघन्य आपराधिक एवं आतंककारी कार्यको नेपाल सरकार घोर निन्दा र भर्त्सना गर्दछ र वहाँको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ । संविधान सभाको निर्वाचन पश्चात् संविधान लेखन तथा शान्ति प्रकियालाई तार्किक निष्कर्षमा पुऱ्याउने महान् कार्यमा हामी सवै जुटिरहेको बेला भएको यस प्रकारको आतंककारी तथा दुर्भाग्यपूर्ण घटनाले हामी सबैलाई स्तब्ध बनाएको छ । यस्तो कार्य जोसुकैले जुनसुकै उद्देश्यले गराइएको भएता पनि कसूरदारलाई न्यायको कठघरामा ल्याउन नेपाल सरकार कटिबद्ध रहेको छ । नेपाल सरकार जुनसुकै ठाउँमा जुनसुकै व्यक्ति वा संस्थाबाट हुने सबै प्रकारका आतंककारी कार्यको घोर निन्दा र भर्त्सना गर्दछ । आतंककारी कियाकलापबाट कसैको पनि अभीष्ठ पूरा हुन नसक्ने कुरामा विश्वस्त रहेको छ ।

२४. सम्माननीय प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव श्री शक्तिबहादुर बस्नेतको उपचार गराउँदा लागेको बिल बमोजिमको खर्च नेपाल सरकारले व्यहोर्ने र वहाँलाई घर भाडा वापत मासिक पन्ध्र हजार रुपैयाँ उपलब्ध गराउने ।

२५. सुकुम्वासी समस्या समाधान सुझाव आयोगको सदस्यमा श्री सीताराम मण्डल, सप्तरीलाई नियुक्त गर्ने ।

२६. सम्माननीय प्रधानमन्त्रीबाट संविधान निर्माणको अभियानमा जनताको घरदैलोमा गई सुझाव संकलन गर्ने गरी संविधान सभाबाट सबै जिल्लामा खटिने सुझाव संकलन टोलीलाई आ-आफ्नो तर्फबाट सबै प्रकारका सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त भएअनुरूप नेपाल सरकारका सबै मन्त्रालय, विभाग तथा कार्यालय एवं अन्य निकायहरुलाई आ-आफ्नो जिल्लामा आउने संविधान सभाका टोलीहरुलाई सहयोग पुऱ्याउन निर्देशन दिने ।

*द्रष्टव्यः निर्णयसंग सम्वन्धित अन्य विवरण आवश्यक परेमा सम्वन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।*